# तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय ISO ९००१:२०१५ नगरपालिका"

प.सं.

च.नं.

## नदीजन्य पदार्थको उत्खनन्, घाटगद्दी गरी बिक्री गर्ने कार्यको बोलपत्र आव्हानको सूचना

(सूचना प्रकाशन मितिः २०८३/०१/०८)

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६२ क, तिलोत्तमा नगरपालिकाको नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन ऐन, २०८२ तथा संघीय सरकारबाट जारी भएको ढुंगा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६, को परिच्छेद १२ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीघाट क्षेत्रबाट तोकिएको मापदण्डको अधिनमा रही नदीजन्य पदार्थ उत्खनन् एवं बिक्री गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले बोलपत्र प्रकृयामा सहभागी हुन ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनी सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि. नं. | ठेक्का संकेत नं. | नदी र वडा नं. | उत्खनन् गरिने नदी घाटको नाम | किसिम | परिणाम (घ फि) | न्यूनतम कबोल रकम रु. मू.अ. कर बाहेक) | धरौटी | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|---|
| १ | आय १८-०८२/०८३ | तिनाउ-वडा नं. १३ | सुस्पुरा घाटक्षेत्र, | मिस्कट | ४८२४०० | ९४०६८००.०० | मू.अ.कर बाहेकको कबोल अंकको ५ प्रतिशतले हुने रकम बैंक दाखिला भौचर वा सो बराबरको बैंक जमानत | ३०००.०० |
| | | | | भस्कट | १२०६०० | | | |
| २ | आय १९-०८२/०८३ | सुखौरा-वडा नं. ११ | गणेशनगर क्षेत्र | मिस्कट | १३२५०० | ७५४६०००.०० | | ३०००.०० |
| | | | रामनगर क्षेत्र | मिस्कट | १६४००० | | | |
| | | | जीत बहादुर रसाइलीको घर पछाडीको क्षेत्र | मिस्कट | ९९५०० | | | |
| | | | भुल्का सेक्सन १ | भस्कट | २०३००० | | | |
| | | | भुल्का सेक्सन २ | भस्कट | ९९५०० | | | |

**ठेक्का सम्बन्धि शर्तहरुः**

१. ईजाजत प्राप्त निमार्ण व्यवसायी वा ढुंगा, गिट्टी, बालुवा सम्बन्धि कारोवार गर्नेगरि सम्बन्धित निकायमा प्रा.लि. वा एकल वा साझेदारी फर्म दर्ता भई प्रचलित कानून बमोजिम नविकरण गर्नुपर्ने भएमा सम्बन्धित निकायबाट नविकरण समेत भएका प्रा. लि. वा फर्मले यो सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२ बजे सम्म www.bolpatra.gov.np/egp बाट बोलपत्र फाराम डाउनलोड गर्न सक्नेछन् ।

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

२. बोलपत्र दाखिला गर्दा बोलपत्र फारामसाथ आफ्नो प्रा.लि. वा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापतको रकम NIC ASIA बैंकमा तिलोत्तमा नगरपालिका कार्यालयको राजश्व खाता नं. 1052055499599012 मा ठेक्का नं. र बोलपत्रदाताको नाम समेत उल्लेख गरि तोकिए बमोजिमको रकम दाखिला गरेको बैंक भौचर वा कार्यालयमा नगद दाखिला गरेको नगदी रसीद र आफुले कबोल गरेको अङ्कमा मू.अ.कर समेत जोडी हुन आउने रकमको ५% ले हुन आउने धरौटी रकम NIC ASIA बैंकमा रहेको यस तिलोत्तमा नगरपालिका कार्यालयको धरौटी खाता नं. A5CA549959952403 मा जम्मा गरी सोको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र खोलिने मितिबाट कम्तिमा १२० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२.०० बजे भित्र www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुपर्नेछ ।

३. रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २.०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन ।

४. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २०औं दिन दिनको २.०० बजे तिलोत्तमा नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नेछन् । उक्त दिन विदा परेमा भोलिपल्ट सोही समयमा बैठक हुनेछ ।

५. बोलपत्र सम्बन्धी थप जानकारी बोलपत्र फारामबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्र स्वीकृत भएमा सोको सूचना प्राप्त भएको मितिले १५ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हुन आउने रकम २०८३ असार १० गतेभित्र दाखिला गर्नुपर्नेछ । यसको लागी नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा कम्तिमा २०८३ साल आश्विन मसान्त सम्मको म्याद सहित जारी गरिएको बैंक जमानत (परफरमेन्स वन्ड) समेत पेश गरी कार्यदिश लिनुपर्नेछ । साथै बोलपत्रदाताले आँफुले कबोल गरेको अंकको १३ प्रतिशत मूल्य अभिवृद्धि कर र १.५ प्रतिशतले हुने अग्रिम आयकर वापतको रकम आन्तरिक राजस्व कार्यालयमा दाखिला गरि भौचर पेश गर्नुपर्नेछ ।

७. तोकिएको म्यादभित्र ठेक्का सम्झौता गर्न नआएमा वा लिन मञ्जुर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्रदातालाई प्राथमिकता दिई निजहरुलाई सूचना जारी गरी ठेक्का बन्दोबस्त गरिनेछ । यसरी दोश्रो, तेश्रो क्रम अनुसार सम्झौता गर्नुपर्ने अवस्थामा सम्झौता गर्न नआउने बोलपत्रदाताको धरौटी जफत गरिनेछ । जफत गरेको धरौटी रकम भन्दा तल्लो क्रममा जाँदाको कबोल रकमको अन्तर वढी हुने भएमा सो अन्तर वरावरको रकम अघिल्लो क्रमको बोलकर्तावाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

उत्खनन् सम्बन्धि शर्तहरु

१. ठेक्का स्वीकृत भएपछि नगरपालिकाका प्रतिनिधि समेतको रोहवरमा प्राविधिकबाट उत्खनन् स्थलको चारैतर्फ सिमांकन गरिनेछ । सोही सिमाक्षेत्र भित्रबाट मात्र नदीजन्य पदार्थको उत्खनन् एवं संकलन गर्नुपर्नेछ ।
२. सामान्यतया नदीजन्य पदार्थको उत्खनन् स्थानीय जनशक्तिबाट हात, र हाते औजार जस्तै सावेल, हथौडा, कोदालो, गैति आदी लगायत प्रयोग गरि गर्नुपर्नेछ । मशिनको प्रयोग गर्नुपर्ने भएमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ को दफा ४(४) बमोजिम हुनेछ ।
३. प्रयोग हुने सवारी साधनको नं. खुलेको कायदिश लिएर मात्र उत्खनन्का लागि साधनहरु नदी प्रवेश गर्न दिन सकिनेछ ।
४. बोलपत्रदाताले उत्खनन्, संकलन तथा ढुवानी कार्यमा संलग्न कामदारका लागि खानेपानी, शौचालय, सुरक्षा, स्वास्थ्य र दुर्घटना बीमा आदीको प्रबन्ध मिलाउनुपर्नेछ ।
५. उत्खननको समय विहान छ बजे देखि प्रारम्भ गरि साँझ सात बजे सम्म मात्र गर्नुपर्नेछ ।
६. उत्खनन् गर्दा नदीको धारलाई असर नपार्ने गरि तथा सिँचाई प्रणाली लगायतका संरचनालाई समेत असर नपार्ने गरि गर्नुपर्नेछ । उत्खननका क्रममा काम नलाग्ने भनि छाडिएका मालवस्तुलाई जुन स्थानबाट निकालिएको हो सोही स्थलमा मिलाएर राख्नुपर्नेछ ।
७. तोकिएको क्षेत्र बाहेक अन्यत्र स्थानबाट उत्खनन् गरेको पाईएमा वा सम्झौतामा उल्लेख गरिएको परिमाण भन्दा बढी उत्खनन गरेको पाईएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।
८. यस सूचना बमोजिम गरिने उत्खनन् कार्य, उत्खनन् क्षेत्र र परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, तिलोत्तमा नगरपालिकाको नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन ऐन, २०८२, संघीय सरकारबाट जारी भएको ढुंगा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, सार्वजनिक खरिद ऐन २०६४ तथा तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ र यस कार्यालयबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिबेदन सम्झौताको अभिन्न अंग हुनेछन् ।

घाटगद्दि सम्बन्धि शर्तहरु

१. उत्खनन् एवं संकलन गरेको नदीजन्य पदार्थ उत्खनन् गरेको स्थलबाट ढुवानी गरि तोकिएको स्थानमा मात्र घाटगद्दी गर्नुपर्नेछ । घाटगद्दि गर्दा नापजाँच गर्न मिल्ने किसिमले मिलाएर राख्नुपर्नेछ ।
२. उत्खनन् अवधिभर बिक्री गर्न पाईनेछैन । घाटगद्दी स्थल सम्बन्धि विवरण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

घाटगद्दिबाट विक्री वितरण तथा ओसार पसार सम्बन्धि शर्तहरु

१. उत्खनन् कार्य समाप्त भएको सात दिन भित्रपछि सम्बन्धित ठेकेदारले आफ्नो प्राविधिकबाट उत्खनन् भएको परिमाण नापजाँच गरि भेरिफिकेशनको लागी लागि नगरपालिकामा अनुरोध गर्नुपर्नेछ ।
२. अनुगमन समितिको प्रतिनिधिहरुको रोहवरमा नगरपालिकाका प्राविधिकले उक्त प्रतिवेदनको भेरिफिकेशन गरी प्रतिवेदन दिएपछि मात्र नगरपालिकाले घाटगद्दीबाट बिक्री एवं ओसारपसार गर्न अनुमति दिईनेछ ।

३. ढुवानी गर्दा सवारी साधनको टाली/ढाला भन्दा माथि सम्म आउने गरि मालवस्तु भरेर बाटोमा खसाल्दै ढुवानी गर्न पाईनेछैन । साथै टाली/ढाला राम्रोसंग बन्द गरि बाटोमा नखस्ने व्यवस्था मिंलाउनु पर्नेछ ।

४. ढुवानी गर्ने सवारीले घाटगद्दी स्थलबाटै राम्रोसंग ढाकेर लैजानु पर्नेछ र सवारीको गति समेत ४० कि.मी. प्रति घण्टा भन्दा बढी हुन पाउने छैन । साथै ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाउने छैन ।

५. नेपाल सरकारको निर्णय अनुसार नदीजन्य पदार्थ विदेश निकासी बन्द भएको हुंदा यस ठेक्का लिएको कारणबाट विदेश निकासी गर्न पाईने छैन ।

अन्य शर्तहरु

१. वातावरणमा प्रतिकुल प्रभाव पर्नेगरी कुनै कार्य गर्न पाईनेछैन । साथै IEE प्रतिवेदनमा उल्लेखित शर्तहरुको पालना गर्नुपर्नेछ । साथै यस कार्यालयबाट समय समयमा दिएका निर्देशनहरु पालना गर्नुपर्नेछ

२. मूलबाटोबाट घाटतर्फ सवारी साधन प्रवेश हुने मार्गको नियमित मर्मत गर्ने कार्य ठेकेदारको तर्फबाट गर्नुपर्नेछ । सो वापतको खर्च रकम दावी गर्न पाईनेछैन ।

३. नगरपालिका र ठेकेदार विच ठेक्का संचालन सम्बन्धि विवाद परि वा अन्य कुनै कारणबाट नगरपालिकालाई तिर्नुपर्ने रकम बाँकी रही असुल उपर गर्नु परेमा वार्षिक १०% का दरले हर्जाना व्याज क्षतिपुर्ति र मुद्दा मामिला गर्दा हुने सम्पूर्ण खर्च समेत ठेकेदारबाट असुल उपर गरिनेछ ।

४. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिकाको तर्फबाट ठेक्का तोडी बिक्री आदेश रोक्का गरी बाँकी रहेको किस्ता असुल उपर गर्ने तर्फ आवश्यक कानूनी कारवाही गरिनेछ । असुल उपर गर्न बाँकी रहेको रकममा वार्षिक १०% थप क्षतिपुर्ति स्वरुप असुल गर्न सकिनेछ ।

५. ईच्छुक बोलपत्रदाताले बोलपत्र प्रकृयामा सहभागि हुनपूर्व उत्खनन् स्थलको अवलोकन गरी अवस्थाको सुनिश्चितता गरेर मात्र प्रकृयामा सहभागि हुनुपर्नेछ । कुनै द्विविधा भएमा प्रि-बिड मिटिङ्गमा विषय उठान गरि स्पष्ट हुन सकिनेछ तर बोलपत्र प्रकृयामा सहभागि भईसके पछि कुनै प्रकारको विवाद गर्न पाईनेछैन । साथै कुनै परीमाण वा गुणस्तरको कारणबाट घाटा भएको भनि कुनै प्रकारको मिन्हा वा छुट दावी वा अन्य स्थलबाट उत्खनन् गर्न मागदावी गर्न पाईनेछैन ।

६. बोलपत्र स्वीकृत भएका बोलपत्रदाताले ठेक्का सम्झौता गर्नु अगाडी तोकिएको ढाँचामा स्वघोषणा पेश गर्नुपर्नेछ ।

७. यसमा उल्लेख भएको कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत